Sanima Bank

'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

प.सं. २०७८/७९/वि.एस/३४ मिति : २०७८/०८/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा,काठमाण्डौं ।

**विषय: १७ औं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।**

महोदय,

यस बैंकको २०७८ साल कार्तिक १४ गतेका दिन सम्पन्न १७ औं वार्षिक साधारण सभाको निर्णय (माइन्युट) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौ ।

भवदीय

रूद्रप्रसाद बन्जारा
कम्पनी सचिव

P.O. Box: 20394, 'Alakapuri', Naxal Kathmandu | Tel.: +977-01-5970033. | Fax: +977-1-4428969 | Email: sanima@sanimabank.com | www.sanimabank.com | SWIFT: SNMANPKA

## सानिमा बैंक लिमिटेडको
## सत्रौ वार्षिक साधारण सभाको निर्णय

यस बैंकको संचालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठको अध्यक्षतामा बि.सं.२०७८ साल कार्तिक १४ गते (३१ अक्टोबर २०२१) आइतबार बिहान ११:०० बजे देखि अपरान्ह ३:१५ बजेसम्म आम्रपाली ब्यांकेट, वालुवाटार, काठमाडौंमा सम्पन्न भएको सत्रौं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेकोछ।

१. उपस्थिति :

क. सभामा उपस्थित सञ्चालकहरु :

| | | |
|---|---|---|
| १. | श्री विनयकुमार श्रेष्ठ | - अध्यक्ष |
| २. | श्री तुकप्रसाद पौडेल | - संचालक |
| ३. | श्रीमती गायत्री थापा | - संचालक |
| ४. | श्री भरतकुमार पोखरेल | - संचालक |
| ५. | श्री महेश घिमिरे | - संचालक |
| ६. | श्री बलराम पराजुली | - संचालक |

ख. अन्य पदाधिकारीहरु :

| | | |
|---|---|---|
| १. | श्री भुवनकुमार दहाल | - प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री रूद्रप्रसाद बन्जारा | - कम्पनी सचिव |

ग. **सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

१. श्री दिवाकर शर्मा — कम्पनी रजिष्ट्रारको कार्यालय

घ. यस बैंकको सत्रौं वार्षिक साधारणसभाको मितिसम्म ६४,२१० (फिजिकल तथा डिम्याट समेत) जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहनु भएको छ।

ङ. **शेयरधनीको प्रतिनिधित्व प्रतिशत :**

सभामा शेयरधनीहरुको स्वयं, प्रोक्सी तथा भर्चुअल मार्फत ५८.४८ प्रतिशत उपस्थिति रह्यो।

च. गणपुरक संख्या तथा सभाको वैधानिकता :

यस बैंकको संचालक समितिको मिति: २०७८ साल आश्वीन २२ गते बसेको ४८९ औं बैठकको निर्णयानुसार बैंकको १७ औं वार्षिक साधारणसभाको सूचना मिति: २०७८ आश्वीन २३ गते "राजधानी" राष्ट्रिय दैनिक ← कार्तिक ८ गते "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो। कम्पनी ऐन, प्रचलित कानून तथा बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरक संख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनु पर्ने व्यवस्था रहेको छ। सो अनुरुप कूल शेयर संख्याको स्वयं, प्रोक्सी तथा भर्चुअल मार्फत ५८.४८ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुसार साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराइयो।

२. **छलफलका विषयहरु :**

क. **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने।



सानिमा बैंक लिमिटेड

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८साल आषाढ मसान्तको वासलात तथा आ.वं.२०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।

३. यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.वं. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत **(Consolidated)** वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.वं २०७८/७९ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.८९४७% का दरले हुने नगद लाभांश रू.८,६६,२४,११८।११ (वोनस शेयर लाभांश कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृत गर्ने ।

६. संस्थापक समुह (समूह "क") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १७% का दरले रू.१,६४,५८,५८,२४४।- बराबरको वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. बैंकको जारी तथा चुक्ता पूँजीलाई निम्नानुसार वृद्धिगरी प्रबन्धपत्रमा संशोधन गर्ने ।

   क. वोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पुँजी रू.९,६८,१५,१९,०८२।४० (अक्षरेपी नौ अर्ब अठसट्ठी करोड पन्ध्र लाख उन्नाइस हजार बयासी दशमलव चालीस पैसा मात्र) लाई वृद्धिगरी रू.११,३२,७३,७७,३२६।४० (अक्षरेपी एघार अर्ब बत्तीस करोड त्रीहत्तर लाख सतहत्तर हजार तीनसय छब्बीस दशमलव चालीस पैसा मात्र) पुऱ्याउने ।

३. कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

ग. विविध :

३. **सभाको प्रारम्भ :**

मितिः २०७८/६/२२ मा बसेको संचालक समितिको ४८९ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम सत्रौं वार्षिक साधारणसभामा छलफलको लागि उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिव श्री रूद्रप्रसाद बन्जाराले जानकारी गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुतः**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विनयकुमार श्रेष्ठले सभामा स्वयं तथा भर्चुअल माध्यमबाट उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट आ.व.२०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँट हिसाव, नगद प्रवाह विवरण, सानिमा



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

क्यापिटल सहितको एकीकृत वित्तीय विवरण आदि सहितको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित तथा भर्चुअल माध्यमबाट शेयरधनीहरु श्री अमृतनाथ रेग्मी, श्री डमरुबल्लभ घिमिरे, श्री शिवप्रसाद पौडेल, श्री नरसिंहलाल चखु, श्री इन्द्रकृष्ण श्रेष्ठ, श्री अशोक उप्रेती, श्री उद्धवप्रसाद घिमिरे, श्री कृष्णप्रसाद अधिकारी, श्री ब्रम्हदेव शाक्य, श्री गुणराज भट्ट, श्री चन्द्रनारायण श्रेष्ठ, श्री दामोदरप्रसाद रेग्मी, श्री शत्रुधन श्रेष्ठ, श्री दिनेशमणि श्रेष्ठ, श्रीमती कमला वलीं र श्री लवराज जोशीले बैंकको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

जवाफ :

शेयरधनीहरुबाट उठाइएका जिज्ञाशाहरुको सम्बन्धमा सभाका अध्यक्ष तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले जवाफ प्रस्तुत गर्नु भयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद व्यक्त गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा सुधार तथा कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरु:**

क. **सामान्य प्रस्ताव**

१. **आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने :-**

सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८साल आषाढ मसान्तको वासलात तथा आ.वं.२०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात तथा आ.वं.२०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण सभामा छलफल गरी सर्वसम्मतिबाट पारीत गरियो ।

३. **यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.वं २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।**

यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी सर्वसम्मतिबाट पारीत गरियो ।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.वं २०७८/७९ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक एस.आर.पाण्डे एण्ड कं. चार्टर्ड एकाउण्टेण्ट्स, (S.R. Pandey & Co. Chartered Accountants) काठमाण्डौंलाई चालू आ.व.२०७८/७९ को लागि लेखापरीक्षकमा नियुक्ति गर्ने । निजलाई निम्न बमोजिम पारीश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

पारिश्रमिक :

लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) गरे वापत मूल्य अभिवृद्धि कर बाहेक रू.२०,००,०००।- (अक्षरेपी बीस लाख) मात्र उपलब्ध गराउने । यस बाहेक अन्य कुनै सुविधा तथा खर्च उपलब्ध गराइने छैन ।

**५. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.८९४७% (प्रतिशत) का दरले हुने नगद लाभांश रू.८,६६,२४,११८।११ (वोनस शेयर लाभांश कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृत गर्ने ।**

सत्रौं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघि सम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको ०.८९४७ प्रतिशतका दरले हुने रू.८,६६,२४,११८।११ (वोनस शेयर लाभांश कर प्रयोजनार्थ) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**६. संस्थापक समुह (समूह “क”) बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।**

यस बैंकको संस्थापक समूह (समूह “क”) का शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने तपसीलमा उल्लेखित ३ (तीन) जना संस्थापक शेयरधनीहरु आगामी ४ वर्षका लागि संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री बद्रीविशाल घिमिरले सभा समक्ष घोषणा गर्नु भयो ।

तपसील :

१. श्री तुकप्रसाद पौडेल
२. श्रीमती गायत्री थापा
३. डा.केशवप्रसाद आचार्य

(ख) **विशेष प्रस्तावहरु :**

**१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १७ प्रतिशतका दरले हुने रू.१,६४,५८,५८,२४४।- बराबरको वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।**

सत्रौं वार्षिक साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुनु अघिसम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको १७%(शत्र प्रतिशत) का दरले हुने रू.१,६४,५८,५८,२४४।-(अक्षेरेपी एक अर्ब चौसट्ठी करोड अन्ठाउन्न लाख अन्ठाउन्न



सानिमा बैंक लि.
अलकापुरी ...

हजार दुईसय चौवालीस मात्र) बराबरको वोनस शेयर वितरण गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

२. **बैंकको जारी तथा चुक्ता पूँजीलाई वृद्धिगरी प्रबन्धपत्र संशोधन गर्ने :-**

बैंकको जारी तथा चुक्ता पूँजीलाई वृद्धिगरी प्रबन्धपत्रमा निम्नानुसार संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

दफा ५(ख): बैंकको जारी पूँजी रू.११,३२,७३,७७,३२६।४०(अक्षरेपी एघार अर्ब बत्तीस करोड त्रीहत्तर लाख सतहत्तर हजार तीनसय छब्बीस दशमलव चालीस पैसा मात्र) हुनेछ । जसलाई रू.१०० का दरका ११,३२,७३,७७३.२६ (एघार करोड बत्तीस लाख त्रीहत्तर हजार सातसय त्रिहत्तर दशमलव छब्बीस पैसा मात्र) थान साधारण शेयरमा विभाजन गरिनेछ ।

दफा : ५(ग): बैंकको चुक्ता पूँजी रू.११,३२,७३,७७,३२६।४० (अक्षरेपी एघार अर्ब बत्तीस करोड त्रीहत्तर लाख सतहत्तर हजार तीनसय छब्बीस दशमलव चालीस पैसा मात्र) हुनेछ ।

३. **कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

यस बैंकमा अन्य कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

४. **बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरबदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।**

उक्त कार्यका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

ग. विविध :

७. <u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन :</u>

शेयरधनी महानुभावहरुको सकृय सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा सञ्चालक समिति, शेयरधनीज्यूहरु, लेखापरीक्षण समिति, सम्वन्धित निकाय, पदाधिकारी एवं व्यवस्थापन तथा कर्मचारीवर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्षज्यूले १७ औं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

रूद्रप्रसाद बन्जारा
कम्पनी सचिव

विनयकुमार श्रेष्ठ
अध्यक्ष

मिति : २०७८/०७/१४

साानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं